# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/२९

चौथो अधिवेसन

(१६औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको चौथो अधिवेसनको १६औं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

समसामयिक महत्वको विषयमा बोल्न समय माग भै आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १९९ बमोजिम सार्वजनिक महत्वको विषयमा जानकारी दिन माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री प्रकाश बहादुर शाहलाई समय दिन्छु ।

माननीय आन्तरिक मामिला तथा कानून मन्त्री प्रकाश बहादुर शाह :- माननीय सभामुख महोदय, यहि २०७६ साल जेष्ठ २३ गते कैलाली र कंचनपुरलाई विशेष प्रभावित गर्ने गरि आएको हावाहुरी र आदीका कारण हाम्रो प्रदेशलाई अतुलनिय क्षेति भएको छ । यो प्राकृतिक विपदमा परेर कैलाली जिल्लाका गोदावरी ८ का विर बहादुर चौधरी र टिकापुर २ का लहानु डगौराको दुखद् निधन भएको छ र कैलाली र कंचनपुर गरेर करिब ९९ जना नागरिकको जीवनमा संकट आई परेको छ । उहाहरु गम्भिर घाईते हुनु भएको छ र प्रदेश सरकारले यो दुखद् प्राकृतिक विपद् आएको क्षणबाट नै पिडितको उद्धार गर्ने, हाम्रा सुरक्षा संयन्त्रहरुलाई परिचालन गर्ने, समाजसेवी संस्थाहरुलाई, स्वयमसेवी संस्थाहरुलाई परिचालन गर्ने, समन्वय गर्ने विपद्को सामना गर्ने गरि हामीले आफ्नो तयारी अगाडि बढायौ तत् क्षण २३ गतेको राति प्रदेश सरकारका माननीय सामाजिक विकास मन्त्रीले घाईतेहरुको उद्धारमा अस्पताल, अस्पतालमा पुगेर उहाहरुको अवस्था के छ ? उपचारको अवस्था के छ ? स्वास्थ्यस्थिति के छ ? भन्ने बारेमा निरन्तर जानकारी लिने र आफ्नो प्रत्यक्ष निगरानीमा उहाहरुको उपचार गराउने काममा उहा खटिइनु भो र स्वंय हामीले पनि हाम्रा सबै सुरक्षा अंगहरु नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान लगायतका सुरक्षा अंगहरु सँग समन्वय गरेर रेडक्रम सोसाइटी कैलाली, गैर सरकारी महासंघ एनजीओ फेडेरेशनका प्रतिनिधीहरु, पत्रकार महासंघका साथिहरु सबै सँग समन्वय गरेर त्यो विपद्को सामना गर्ने र विभिन्न संरचनाहरु जुन भत्कीएका छन्, रुखहरु ढलेका छन् विजुलीका पोलहरु भत्केका छन्, तारहरु छिन्न भिन्न छन्, जनताका विभिन्न घर छानाहरु अस्तव्यस्थ छन्, कोहि पूर्ण ध्वस्त छन्, कोहि आंशिक धोस्त छन् यस्तो स्थितिबाट चाहि त्यो आपत विपद्को सामना गर्ने गरि हामीले काम गर्यौ र चाहि २४ गते विहानै प्रदेशमा प्रदेश सुरक्षा समन्वय परिषदको वैठक हामीले आयोजना गर्यौ र सबै सुरक्षा अंगहरुलाई र स्वयमसेवी संस्थाहरुलाई, युवा विद्यार्थीहरुलाई सबैलाई परिचालन गरेर विपद्को सामना गर्ने, उद्धार गर्ने काममा हामी लाग्यौ र त्यो दिन

२४ गते नै हामीले प्रदेशमा पत्रकार सम्मेलन गरेर हाम्रा नागरिकको अवस्था, विपद्को अवस्था, विपद् उद्धारको स्थिति र सरकारले गरि रहेको कामको समग्र जानकारी हामीले गरायौ सभामुख महोदय, २६ गते जेष्ठ २६ गते क्याविनेटको मन्त्रीपरिषद्को वैठक बसेर ५ वटा निर्णय गरेको छ माननीय सभामुख महोदय, यो प्राकृतिक विपद्मा परेर मृत्यु भएका विर बहादुर चौधरी र लहानु डगौरालाई र उहाको परिवारलाई समवेदना व्यक्त गर्ने र मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्ने र यस्ता प्रकारका विपदहरु विभिन्न समयमा खास गरेर प्रदेश सरकार निर्माण भएपछि हाल सम्म हाम्रो प्रदेशका विभिन्न भुभागमा आएका विपद्हरुबाट हाम्रा नागरिकहरुको जीवनमा क्षति भएको छ, मृत्यु भएको छ ती सबै मृतकका आश्रीत परिवारहरुलाई हामीले प्रदेश सरकारको तर्फबाट राहात उपलब्ध गराउने हामीले निर्णय गरेका छौ । संघीय सरकारले र स्थानीय तहले दिएको राहातमा थप राहात स्वरुप प्रदेश सरकारले प्रतिमृतकका परिवारलाई एक लाख पचास हजार राहात दिने निर्णय गरेको छ । त्यसै गरि त्यो हावाहुरीबाट प्रभावित भएका खास गरेर पूर्ण रुपले क्षति भएका घरका सन्दर्भमा घर टहराहरु पूर्ण रुपले क्षति भएका हरुलाई प्रतिपरिवार २० हजार रुपैया दिने र आंशिक क्षति भएकालाई त्यसको तथ्य संकलन गर्ने, विवरण संकलन गर्ने र क्षतिकोस्थिति हेरेर १० हजार सम्म राहात प्रदान गर्ने हामीले निर्णय गर्याछौ र सुरक्षित आवासको व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने भन्ने हामीले निर्णय गरेका छौ र यस्ता खालका प्राकृतिक विपद्हरुबाट हाम्रा नागरिकहरुलाई राहात प्रदान गर्नका निम्ती प्रदेशमा मुख्यमन्त्री राहातकोषको स्थापना गर्ने खडा गर्ने र त्यसमा सहयोग गर्न आम नागरिकहरुलाई अपील गर्ने भन्ने निर्णय गर्याछौ र बालीनाली, पशुपंक्षि जुन यो विपद्बाट प्रभावित भएको छ हाम्रो जनताको जीवनमा विभिन्न वालीनालीहरु, पशुपंक्षिहरु विनास भएको छ, क्षति भएको छ तत्सम्बन्धमा अध्ययन गरेर तथ्यांक संकलन गरेर लागत संकलन गरेर सम्बन्धित विषयगत मन्त्रालयले लागत संकलन गर्ने र राहात उपलब्ध गराउने भन्ने पनि प्रदेश सरकारले निर्णय गरेको छ । हिजो मात्र दार्चुला जिल्लाको नौगाड गाउँपालिका ४ चिप्टीस्थित गणेश विनाय माध्यामिक विद्यालयमा अध्ययनरत बालबालिकाहरु करिब साढे चार बजेतिर विद्यालयको शौचालयको पछाडितिर रहेको सेप्टीटेङ्क भत्किदा निरुता ठगुन्ना, अनुस्का धामी, युनिका ठगुन्ना, सुदिप धामी ४ जनाको दुखद मृत्यु हुन गएको छ । हिजो राती चट्याङबाट डडेल्धुराको पर्शुराम नगरपालिका वडा नं.३ मार्कुमा स्थायी घर भएका संगिता भाटको चट्याङबाट मृत्यु भएको छ र २ जना घाईते भएका छन् । माननीय सभामुख महोदय हामीले २३ गते आएको हावाहरीबाट प्रभावित भएका र विपद्मा परेका नागरिकहरुको लगत संकलन गरिरहेका छौ । खास गरेर स्थानीय तहमा वडा अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी, नेपाल रेडक्रसको प्रतिनिधी, वडा सचिव र आवश्यकता परेमा विभिन्न राजनैतिक दलको समेत सहयोग लिने गरि लागत संकलन टिम बनाएका छौ, समुह बनाएका छौ र राहात वितरणका सन्दर्भमा एकद्वार प्रणाली कायम होस भनेर एउटा उपसमिति हामीले गठन गरेका छौ सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा, संयोजकत्वमा, अध्यक्षतामा सुरक्षा समितिका प्रतिनिधि रहने, रेडक्रसका प्रतिनिधी रहने, पत्रकार महासंघका प्रतिनिधी रहने, गैर स.स. महासंघका प्रतिनिधी रहने एउटा

त्यस्तो उपसमितिको गठन भएको छ । त्यसले स्थितिको आकलन गरेर, तथ्य तथ्यांक संकलन  गरेर लागत र विवरण लिएर बस्तुपरक ढंगले कति पूर्ण क्षति भएको छ, कति आंशिक क्षति भएको छ, कति बालीनाली, पशुपंक्षि, उद्योग कलकारखाना कहा कहा क्षति भएको छ, विद्यालय सबैको बस्तुपरक संकलन गरेर राहात प्रदान गर्ने काममा त्यो समिति लाग्ने छ । यसरी प्रदेश सरकारले आफ्नो प्रदेश भित्रका नागरिकहरुको जीउधनको सुरक्षाका निम्ती आईपर्ने विपद्को सामना गर्नका निम्ती आफ्नो तर्फबाट गम्भिर भएर काम अगाडि बढाईरहेको छ । माननीय सभामुख महोदय विपद्हरु बाजा बजाएर आउदैनन त्यसैले संसारमै काहि अतिवृष्टि छ, अनावृष्टि छ काहि बाढी छ, पहिरो छ, काहि डुवान छ, कतै हिमतालहरु फुट्ने, हिमपहिरो आउने गर्छ, कतै ज्वालामुखि आउने गर्छ, कतै भूकम्प आउछ, कतै समुद्री आदी आउछ, सुनामि आउछ भने कतै चक्रवाद जस्तो टरन्याडो  जस्तो प्राकृतिक विपद् आउछ यि विपद्हरुको कतिपय विपद्हरुको फोरकाष्ट गर्न सकिन्छ साईन्स एण्ड टेक्नोलोजीले फोरकाष्ट गर्न सक्ने त्यो खालको प्रणालीको विकास गरेको छ । कतिपय विपद्को फोरकाष्ट गर्न सकिदैन त्यसको नाउकाष्ट मात्र गर्न सकिन्छ । हाम्रो देशको सन्दर्भमा खास गरेर पूर्वको ईटहरीमा, पोखरामा र चाहि सुर्खेतमा हेलिकप्टरलाई स्ट्याण्डबाइ राख्ने नीति संघीय सरकारले लिएको छ र हामी आग्रह गरिरहेका छौ । सुदूरपश्चिममा थुप्रै खालका विपद्हरु प्राकृतिक र मानवीय विपद्हरु आईरहने, गईरहने यस्तो प्रदेश हो यस्तो प्रदेशमा पनि स्ट्याण्डबाई हेलिकप्टर हुनुपर्दछ यो प्रदेशमा पनि फोरकाष्ट गर्ने रडा हुनुपर्दछ भन्ने कुरामा हामीले संघीय सरकारसँग बारबार अनुरोध गरिरहेका छौ । माननीय सभामुख महोदय, हामी सबै मिलेर खास गरेर प्लानेट एण्ड पिपुल यो पृथ्वी र पृथ्वीमा मानव निर्मित संरचनाहरु र मानव जातिको रक्षा र सुरक्षा गर्नुपर्ने छ । हाम्रा संरचनाहरु विपद् प्रभावित नहुने खालका बनाउनु पर्नेछ । सम्भावित विपद्बाट बचाउन सक्नेगरि हामीले त्यो टेक्नोलोजीलाई स्थापित गर्नुपर्ने छ । विपद् आईहाल्यो भने हामीले कसरी त्यसलाई सामना गर्ने, कसरी हामीले उद्धार गर्ने, राहात दिने, कसरी रेस्क्यु गर्ने, रिलिभ दिने, रियाभिलिटेसन र रिकन्टक्सनको कामलाई अगाडि बढाउने हाम्रा संरचनाहरुलाई कसरी रेजिलेन्ट बनाउने भन्ने काममा प्रदेश सरकार र प्रदेशका सबै सुरक्षा निकायहरु, स्वयमसेवी संस्थाहरु र नागरिक संघ संगठनहरु सबैलाई एकै ठाउमा ल्याएर हामीले विपद्को सामना गर्नुपर्नेछ, उद्धार गर्नुपर्ने छ, पुर्ननिर्माणको कामलाई अगाडि बढाउनु पर्नेछ । सभामुख महोदय, त्यसैले प्रदेश सरकार यि विपद्हरुमा जनताको साथमा छ यि विपद्हरुको सामना गर्न त्यस्तो संरचनाहरुको निर्माण गर्न सचेत छ । हामीले निर्माण गर्ने संरचनाहरु विपद् प्रभावित हुनुहुदैन भन्ने कुरामा सचेत छ र सम्भावित खतराहरु प्राकृतिक विपद्हरुसँग जुध्नका निम्ती आवश्यक संयन्त्रको विकास गर्ने, संरचनाको विकास गर्ने काममा प्रदेश सरकार गम्भिर भएर लागि रहेको छ सभामुख महोदय, त्यसैले म यो सम्मानीत सदनमा हाम्रो प्रदेशमा प्रदेश सरकार गठन भए देखि हालसम्म जतिपनि हाम्रा नागरिकहरु विभिन्न खाले विपद्हरुमा चाहे बाढीपहिरोमा, चाहे डुवानमा, चाहे चट्याङ लागेर होस, चाहे आगलागि भएर होस चाहे हावाहुरी होस विविध खालका विपद्बाट हाम्रा नागरिकहरुको जीवनमा धेरै ठुलो क्षति भएको छ प्रदेश सरकारको अनुभुति

हुनेगरि प्रदेश सरकार जनताको सेवामा छ, सुरक्षामा छ भन्ने कुराको अनुभुति गर्ने गरि हामी काम गर्न चाहान्छौ, काम गरिरहेका छौ र सबैलाई अपिल गर्न चाहान्छौ हामी विपद्को बेला हामी सबै एकैठाउमा आउनुपर्दछ भन्ने कुरामा प्रदेश सरकार अपिल गर्न चाहान्छ र अब आउने सनिकट विपद्को पनि सामना गर्न त्यो तमतयारीका साथ प्रदेश सरकार अगाडि बढ्न चाहान्छ र हाम्रा नागरिकहरुलाई क्षतिको अवस्था हेरेर, यथार्थ संकलन गरेर बस्तुनिष्ट विवरण प्राप्त गरेर छिटो भन्दा छिटो प्रदेश सरकार राहात दिन चाहान्छ र हामी धन्यवाद दिन चाहान्छौ लम्कीचुहा नगरपालिकालाई, बर्दगोरियालाई, टिकापुर नगरपालिकालाई र अरु नगरपालिका र गाउँपालिकाहरुलाई र वार्डहरुलाई जसले स्वयमसेवी भावनाले एउटा जिम्मेवार भावनाले यो विपद्को घडीमा आफै क्रियाशिल भएर आफ्नो साधन स्रोतलाई परिचालन गरेर विपद् प्रभावित दाजुभाई, दिदिबहिनीहरुको उद्धार गर्ने, राहात दिने काममा हाम्रा स्थानीय तहहरुले जुन सक्रियता देखाएका छन् त्यसका निम्ती प्रदेश सरकार धन्यवाद दिन चाहान्छ र छिटो भन्दा छिटो बस्तुनिष्ट तथ्यांक हामी प्राप्त गर्नेछौ र हाम्रा दाजुभाई, दिदिबहिनीहरुको जीवनमा आएको संकटको सामना गर्ने गरि प्रदेश सरकारले राहात दिने गरि काम अगाडि बढाउने छ भन्ने कुरा निबेदन गर्न चाहान्छु धन्यवाद ।

*(जानकारी पछि)*

३. **माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

४. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

५. **माननीय सदस्यहरू,**

अब म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई  दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदी** :- माननीय सभामुख महोदय, सुदूरपश्चिम आर्युवेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम सामाजिक विकास समितिमा पठाईयोस भनी प्रदेश सरकारका तर्फबाट प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेश भएपछि)*

६. **माननीय सदस्यहरू,**

अब म सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई दफावार छलफलको लागि सामाजिक विकास समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा गरिसकेपछि)*

७. **माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरु,**

अब, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

९. **माननीय सदस्यहरू,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह** :- माननीय सभामुख महोदय, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थविकास तथा

प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिबेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) बमो देहाय खण्ड (क) बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

१०. **माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**
***(घोषणा पछि)***

११. **माननीय सदस्यहरू,**

अब, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम मा० बलदेव रेग्मी लाई समय दिन्छु ।

**माननीय बलदेव रेग्मी :-** माननीय सभामुख महोदय, **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** का सन्दर्भमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिले व्यापक छलफल गरेर लगभग १८ वटा दफा संशोधन तथा थप गर्नुपर्ने व्यवस्था सहित सदनमा पेश गरेको छ । विशेष गरेर अब यो क्षेत्रमा हाम्रो प्रदेशमा अब उद्योग दर्ताका लागि, उद्योग संचालनका लागि मितव्यायि नीति आएको छ । यसले गर्दा उद्योग संचालनमा उद्योग व्यवसायहरुलाई एउटा प्रोत्साहन मिलेको छ र उद्योग व्यवसायि मैत्री ऐन आएको छ यो पनि एकदम स्वागतयोग्य छ समयमा नै विशेष गरेर यो यसले विशेष एकदम घनिभुत रुपमा छलफल गरेर नै यो संशोधन ल्याएको छ । यसले जो दर्ताको प्रक्रिया १५ दिनबाट ७ दिनमा झार्ने काम गरेको छ । त्यस्तै यो कारवाहीको अन्तिम निर्णय गर्ने अधिकार जुन दफामा थियो त्यसलाई संशोधन गरेको छ जो अन्तिम निर्णय गर्ने अधिकार अरुलाई पनि माथिल्लो निकायलाई पनि

फुकुवा छोडेको छ त्यस्तै यो उद्योगदर्ता सम्बन्धी काष्ठबाट उत्पादीत, सिजनिङ उद्योग र क्रसर उद्योग थप गरेको छ र समावेशीका रुपमा महिला सदस्यहरुलाई समावेश गर्ने व्यवस्था थप गरेको छ । त्यस्तै सामाजिक बाताबरण संरक्षणको व्यवस्थालाई पनि बुदामा समेटेको छ । त्यस्तै औद्योगिक करिडोर, औद्योगिक ग्राम तथा औद्योगिक कलस्टर उद्योग मात्र थियो त्यसमा पार्कलाई पनि थप संशोधन सहित थप गरेको छ । यसरी व्यापक रुपमा छलफल गरेर यो परिपक्क रुपमा यो विधेयक यस सदनमा पेश भएको छ म यति भन्दै मेरो भनाई यहि राख्न चाहान्छु हवस धन्यवाद अभिवादन ।

**माननीय रण बहादुर रावल** :- माननीय सभामुख महोदय म आज यो प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को सन्दर्भमा दफावार हिसाबले केहि बुदाहरु यहा समक्ष राख्न चाहान्छु । यसै सन्दर्भमा यस विधेयक अर्न्तगत हाम्रो विषयगत समितिले पनि झण्डै झण्डै दफा करिब करिब १२ वटा दफामा संशोधन ल्याएको छ । अनुसूचीहरुमा ८ वटा अनुसूचीहरु मध्य ५ वटा संशोधन ल्याएको छ । विशेष गरि पेज २८ को र परिच्छेद ९ हरु भएको र दफा ५१ भएको यो बहुतै महत्वपूर्ण विधेयक भएको सन्दर्भमा धेरै कुराहरु चाहि समेट्न खोजिएको छ । त्यसमा मैले धेरै भन्नु भन्दा पनि एक दुईवटा कुराहरु महत्वपूर्ण कुराहरु मैले यहा चाहि सभामुखज्यू मार्फत सभामा म पेश गर्न चाहान्छु । यो बास्तवमा सुदूरपश्चिम प्रदेशको लागि बहुतै अहम र गम्भिर विधेयकको रुपमा मैले ठानेको छु । मलाई लाग्छ यस सन्दर्भमा सभामुख महोदय मार्फत यहा गरिमामय सभासदज्यूहरुलाई अनुरोध गर्न चाहान्छु कि यो विधेयकलाई जसरी गम्भिरताका साथ हेरिएको छ त्यो भन्दा गम्भिर भएर अझै हेर्नु पर्छ जस्तो लाग्छ किन भन्दा खेरि जुन हिसाबले मैले सरसरती गए सरसरती जाने क्रममा विषयगत समितिले पनि धेरै मेहनत गरेर ल्याउन खोजिएको छ तर यसो हेर्दा धेरै जसो कुराहरु हाम्रो विगतमा भएका जतिपनि केन्द्रीय सरकारले गरेका कुराहरुमा आधारित कुराहरु छन् । अहिलेको युग सुहाउदो र प्रदेशले आशा भरोसा गरे अनुसारको यो विधेयकमा ल्याउन सक्ने सम्भावना हुदा हुदै पनि यसमा कमिकमजोरीहरु म देखेको छु । अब यसमा के कस्ता रेफ्रेन्सहरु प्रयोग गर्नु भो ? कहा कहा जानु भो ? कस्ता कस्ता चाहि राष्ट्रिय, अन्तराष्ट्रियस्तरका शिक्षाहरु लेसन्स लर्नहरु लिनु भो नजिकको उत्तराखण्डको त्यहा नजिकको विभिन्न हिसाबले लिईएका कुराहरुलाई कत्तीको अध्ययन गर्नु भो गर्नु भएन भन्ने ठानेको छैन गर्नु भा छ भने त ठिकै छ त्यसैले चाईनातिर जान पाउनु भएनहोला अरु ठाउ युनानमा जानपाउने तर अहिलेको सन्दर्भमा यदि साच्चीकै यो प्रादेशिक यो जो जुन विधेयक छ यो औद्योगिक सम्बन्धी विधेयकलाई अझ गम्भिर तरिकाले हेर्नुपर्ने मैले ठानेको छु सभामुख महोदय, हेर्नुपर्ने के छ भन्दा खेरि सब भन्दा ठुलो कुरा के हो भन्दा खेरि एउटा यहा मैले यहा सरसरती के भन्या थिए भन्दा खेरि म यो स्वयतपत्र अहिले अर्थमन्त्रीज्यू हुनुहुन्न यसमा चाहि प्रष्टै पार्नुभाछ बास्तवमा यो प्रदेश कुन अवस्थाको छ त कति आफ्नो ... यो विधेयकले आशा गरेको छ त जस्तो यहा चाहि केवल ९६ वटा ठुला उद्योगहरु छन् यो सुदूरपशिचममा त्यसमा चाहि झण्डै झण्डै ८७५० वटा मात्रै रोजगारी दिएको कुरा चाहि हाम्रै स्वयतपत्रमा जारी छ । जम्मा २३ अर्बको यहा चाहि ईन्भेष्टमेन्ट देखिन्छ त्यसैले यसमा चाहि अलि फट्को मार्नुपर्ने परिस्थिति भएको हुनाले यसको चाहि कसरी फट्को मार्ने त जस्तो के मा त भन्दा खेरि तपाई हेरिरहनु भा छ अब सबभन्दा ठुलो कुरा ०७३।०७४ मा हुने झण्डै झण्डै हामी सँग पुरै त्यसबेला पनि ९ खर्ब १७ अर्ब बराबरको कुल ग्रास्त चाहि उत्पादनमा चाहि एकदम न्यूनता घाटा बजेट घाटा देखिएको थियो अब त्यस पछि आएर विस्तारै विस्तारै त्यसलाई चाहि सबै जस्तो चाहि आयातमा आधारित हुने हुनाले निर्यात गर्ने उद्योगहरु खोल्नु अत्यावश्यक देखिन्छ त्यसै आधारले अर्को खाद्यान्नै कै कुरा गरौ कृषिको कुरा गर्ने हो भने झण्डै ०७४।०७५ मा ७ महिनाको अध्ययन दिनु भा थियो त्यसमा चामल मात्रै १७ अर्बको आउदो रछ, तरकारी ठ अर्बको आउदो रछ, फलफुल ३ अर्बको आउदो रहेछ, खानेतेल १३ अर्बको आउदो रहेछ, करिब ४० अर्ब बराबर भन्दा बढीको चाहि आधारभुत खाद्यान्न आयात भैराछ । यस्तो कृषि प्रदान देशमा कृषि उद्योग सम्बन्धीको सद्भावना प्रचुर छ यहा अब यसलाई मध्येनजर गरेर अब हामी कसरी चाहि फट्को मार्ने त यसमा शिक्षा लिने भन्दा खेरि अरु केहि टाढा होईन कमसेकम हामीले चाहि के गर्नु पर्छ भन्दा खेरि कमसेकम यसमा चाहि जसरी यसको चाहि प्रस्तावनामा प्रष्ट लेखेको छ औद्योगिक लगानी मैत्रीको कुराहरु देखि लिएर बाताबरण बहुतै राम्रो कुरा लेखिएको छ प्रस्तावमा तर तल आएर त्यसलाई मिड कसरी गर्ने भन्ने सन्दर्भमा चाहि कमसेकम के चाहि औद्योगिक कर्पोरेशन बनाउन सक्ने कि नसक्ने, कसले

गर्दा चाहि ईजम डोइङ विजनेश भन्छ त्यसलाई सिफलिफिकेशन ईजम डोइङ विजनेश भन्या केहि होईन सरल र सिम्पीलिफाईट हिसाबले यहा उद्योग लगानीकर्ताहरुलाई नीति, नियम र के छ त्यसमा चाहि त्यो बनाउनलाई के त अभ भनु कि माननीय मन्त्रीज्यूकै अध्यक्षतामा माननीय उप राज्यमन्त्रीकै अध्यक्षतामा विविध कुरा लेखिदा उहि पुरानै सैलीमा केन्द्रीय उद्योग मन्त्रीकै नेतृत्वमा सबै कुरा राख्या जस्तै य हा पनि राख्दा खेरि मलाई लाग्छ यसले चाहि खास सोचेजस्तो प्रतिफल देला जस्तो लाग्दैन त्यस कारण यहा चाहि सुदूरपश्चिमको एउटा चाहि ईन्डष्ट्रि डेभलवमेन्ट सम्बन्धी कुराहरु नै बनाएर आउ उसलाई पूर्णतया कटिवद्ध बनाउने हिसाबले एउटा चाहि यूनिट बनाईदियो भने उसले चाहि के गर्न सक्छ भन्दा खेरि उसले गर्नुपर्ने के हो कहा औद्योगिक क्षेत्रमा कस्तो नीति बनाउने, त्यो औद्योगिक क्षेत्रको चाहि सम्पूर्ण रुपमा त्यसको जतिपनि इनफ्याक्चर देखि लिएर त्यसको चाहि फोहोर मैला देखि लिएर त्यसको पनि व्यवस्थापन सम्पूर्ण गरेपछि मात्र औद्योगिक उद्योग ठुलठुला उद्योग घरानाहरु त्यहा आउन सक्छन त्यस कारण यि कुराहरुलाई चाहि यसमा चाहि धेरै समेट्न सकिएको छैन । अर्को कुरा यसै सन्दर्भमा जोड्नु पर्ने जुन भ्याटहरुमा जुन कस्तो कन्सेक्सन हुनुपर्ने जस्तो सेन्ट्रल ट्याक्स हुन्छ जुन केन्द्रीय ट्याक्सहरु यहा बढ्दै गएको हुनाले त्यसलाई कसरी एउटा यस्तो प्राधिकरणको अधिकार सम्पन्न जसले गर्दा त्यहाको त्यो अधिकारलाई प्रयोग गर्दा खेरि केन्द्रसँगसमन्वय गर्न सकेर यहाको उद्योग घरानाहरुलाई चाहि बढ्ने र उद्योग फस्टाउन सक्ने हुन्छ । ती कुराहरुमा ध्यान दिइएको छैन अर्को एउटा चाहि देख्या छु मैले सबै भन्दा ठुलो कुरा के छ भन्दा खेरि हाईक्लासको जुन मान्छेहरु चाहि कमसेकम त्यो ठाउ औद्योगिक क्षेत्रहरु जुन ठाउमा कति मिटर वाईड हुनुपर्ने ३० मिटर मिनिमम कति त्यहानिर फोहोर कहा जाने, कति ठाउमा चाहि आईटिका डेटाकम सेन्टरहरु हुन्छ ती कसरी हुने यि सबै कुराहरुलाई चाहि सोच्नुपर्ने जस्तो लाग्छ म डिटेल भन्दैन तीन मिनेट मात्र समय छ । त्यस कारण चाहि यि कुराहरुलाई मध्येनजर गरेर हामीले ईन्भाईरोमेन्ट फ्रेन्ली बाताबरण फ्रन्ली अर्को औद्योगि घरानाहरुलाई लगानीगर्ने फ्रेन्ली लगानी गर्नुपर्छ त्यसको लागि हामीले चाहि त्यो अनुसारको नमुनाको हामीले चाहि अगाडि काम गर्ने बातावरण बनाउनु पर्छ । जस्तो उदाहरणको लागि मैले सानो यहा बनाएको छु । म हेर्छु सरसरती अरु केहि छैन एउटा उत्तराञ्चलको मैले उदाहरण दिए मैले सुचुवाङ्ग पनि म सँग उदाहरण छ कसरी तीनिहरु केहि नभएको ठाउमा आज २० बर्ष पनि कति चेन्ज आएको छ । त्यो बहुतै ठुलो लेसन्सहरु हामीले लिन सक्छौ अर्काले राम्रो गर्या कुरा लियौ न हामीहरुले मेरो भनाई यत्ति हो त्यसको लागि बरु यो कमिटिले कमसेकम बहुत टाढा जान नसके पनि उत्तराञ्चलमा गएर त्यहाको दुईचार दिन गएर त्यहाको औद्योगिक नीति के रहेछ, त्यहाको साच्चै ईन्भेष्टरहरुलाई कसरी आकर्षित गर्दो रहेछन् साच्चै के के रहेछ त भन्ने सन्दर्भमा उनिहरुले यति सम्म बनाएको छ । स्पेसिफाई कुन टाईममा कस्तो सर्भिसहरु त्यही लगानीकर्ताहरुलाई दिने भन्ने सन्दर्भमा पूर्ण अधिकार सम्पन्न समितिहरु छ त्यस कारण मन्त्री हेडिङ्ग गर्दैन त्यो संस्थाको पूर्ण अधिकार छ त्यसमा कुन डेटमा एप्लीकेशन दियो त्यो एप्लीकेशनलाई कुन डेटमा कसरी जमिन एलोपमेन्ट गर्ने हो कुन डेटमा त्यसलाई चाहि बत्ति र पानिको एरेजमेन्ट गर्ने हो त्यो ट्याक्क कमिटमेन्टका साथ संस्था अगाडि बढेको हुन्छ जसले गर्दा आज ईण्डियाको दुरदराजमा भएका ठुल ठुला शहरहरुमा भएका उद्योग औद्योगिक क्षेत्र भएका उद्योगहरु उत्तराञ्चलतिर फैलिएको छ । रुद्रपुर एउटा नमुना हो त्यस्ता थुप्रै ठाउहरु उत्तराञ्चलले गरिसकेको छ । त्यस कारण चाहि माननीय सभामुख मार्फत म एउटा अनुरोध छ यसलाई यो प्रादेशिक औद्योगिक विधेयक छ यो विधेयकलाई यसै तरिकाले बहुमतका साथ पास गरेर मात्रै अगाडि बढ्नु भन्दा कमसेकम त्यहि अर्थ समितिमा फेरी फर्काएर त्यहाका केहि विशेषज्ञ मित्रहरुलाई त्यो ठाउमा एक दुई ठाउमा टाढा नसके पनि उत्तराञ्चलसम्म चारपाच दिनको एउटा विज्ञ टोली बनाएर त्यहाको बारेमा बस्तुस्थिति लिएर यहा पेश गरेर त्यसपछि परिमार्जित गरेर यो पास गरिदिनु भो भने यो प्रदेशको साच्चीकै सोचे अनुसार आशा गरेर अनुसार यो औद्योगिक नीति, औद्योगिक क्षेत्र औद्योगिक बढाएर यहा रोजगारी, बेरोजगारलाई रोजगारीमुलक बनाउनलाई यो साच्चै अगाडि बढ्ने छ त्यसैले म माननीय सभामुखज्यूलाई यो गरिमामय सांसदज्यूहरु जो बहुतै गम्भिर तरिकाले अगाडि बढ्नु भा छ उहालाई पनि अनुरोध गर्न चाहान्छु । कि यसमा विशेष विचाराधिन विचार गरेर अगाडि बढाईयोस र यसलाई आजै पास गर्नुभन्दा मैले भन्ना साथ प्रतिपक्ष भनेर यसलाई चाहि यो हुन्न भनेर पास गर्न सकिएला तर मलाई लाग्छ यो सुदूरपश्चिमको गम्भिरतालाई सुदूरपश्चिमको औद्योगिक क्षेत्र बढाउने हिसाबले सबैको साझा भावनाका साथ यसलाई अझ गम्भिरतापूर्वक हेरियोस र केहि दिन पर सारेर

यहाका जुन विषयगत समितिका साथिहरुलाई केहि दिनको लागि ७ दिन ५ दिनको लागि पनि त्यहा पठाईयोस त्यसको आधारमा कमसेकम यो के यो गर्दा हुदोरहेछ भनेर हाम्रो शिक्षा त्यो शिक्षाले के फाईदा दिन सक्छ त भन्न कुराहरुबाट परिमार्जित भएर यो विधेयक आवस म अनुरोधका साथ विदा हुन्छु धन्यवाद । नमस्कार ।

**माननीय मालामति देवी राना थारु** :- माननीय सभामुख महोदय, प्रादेशिक औद्योगिक व्यवसाय विधेयक आफैमा महत्वपूर्ण विधेयक हो यो विधेयकले रोजगारी सृजना उत्पादन गर्न पर्ना सक्छ तर प्रदेश सरकारको यदि कार्यनीतिमा राम्रो भूमिका निष्पक्ष भूमिका भयो भने रोजगारी सृजना हुन सक्छ । सभामुख महोदय, हामीले यो विधेयक बनाउदा हाम्रो प्रदेश पहिलो प्रदेश हो । हाम्रो देशमा पहिले यो प्रदेशको भूमिका हामी निर्वाह गरिराखेका छौ । त्यस कारण हामीलाई आवश्यकता पर्ने चाहि चिजहरु, अनि चाहि कानूनहरु हामीले राष्ट्रिय अन्तराष्ट्रिय छिमेकी देशहरुमा गएर अनुभव बटुले र हामीले चाहि अगाडि बढ्नु पर्ने थियो यदि हामी छिमेकी राष्ट्रकै अनुभव बटुलेर हामी चाहि यो विधेयक बनाई दिएको भए अझ सुनमा सुगन्ध हुनेथियो तर त्यसो हुन सकेन सभामुख महोदय तैपनि केहि मैले चाहि यसमा थप बुदाहरु चाहि ल्याएको छु । दफा २ को (ज) निर्यात मुलुक उद्योग भन्नाले उर्जा मुलुक बाहेक प्रदेशले तोकेको उत्पादनलाई आफ्नो उत्पादनको कम्तिमा जे छ त्यहि नै ६० प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्दछ । दफा ५ को (१) अर्न्तगत बनेको नियमावली जुन नियमावली बमोजिम प्रक्रिया पुरा देखिएमा एकै स्थानबाट ७ दिन भित्र उद्योग दर्ता प्रमाण पत्र उपलब्ध गराउनु पर्ने छ । किन भने हामीले चाहि उद्योग दर्ता  गर्दा खेरि जुन सुकै हामी काम गर्दा खेरि थुप्रै निकायमा हामीलाई चाहि पठाउने गरिन्छ र जनताहरुले त्यसमा सास्ती र दुखः भोग्नु पर्छ त्यस कारण एकै स्थानबाट चाहि ७ दिन भित्र नै प्रमाण पत्र उपलब्ध गराउनु पर्छ । दफा ९ को (२) उपदफा (१) बमोजिम उजुरी परेमा मन्त्रीको सिफारीसमा मन्त्रालयमा बेन्च खडा गरि ३० दिन भित्र निर्णय चाहि दिनु पर्छ । दफा १६ को ३(ख) उत्पादन मुलक प्रदेशले निर्धारण गरेको कच्चा पदार्थ हुनुपर्छ । दफा १६ को ३(झ) मा क्सर उद्योग बाताबरणीय अध्ययन गरि सिफारीस गरे अनुसार निश्चित तोकिएको स्थानबाट उत्पादीत ढुंगा, गिट्टी, बालुवा, रोडा जे उत्पादन गर्ने उद्योग र राज्यको राष्ट्रियस्तर, प्रादेशिक स्तरका योजना तर घुम्ती केशर प्रयोग अनुमति प्रमाण पत्र निशेष रहने छ । जुन घुम्ती केशरहरु चाहि यो ठाउबाट अर्को ठाउ त्यो चाहि अलि त्यसमा सरकारले विचार गर्नुपर्छ । त्यो घुम्तीको चाहि एकदमै उत्खनन भैराछ । नियम विपरित भैराछ त्यस कारण त्यसमा ध्यान जानु जरुरी छ । दफा ३० को औद्योगिक करिडोर पार्क मैले यसमा थपेको वृक्षारोपण वृक्षारोपण भौतिक मापदण्ड पुरा गरेको औद्योगिक कलस्टर घोषणा गर्न सक्नेछ र चाहि जो हामीले सोचेका थियौ त्यो चाहि आउन सकेन यदि चाहि औद्योगिक नीति चाहि हामीले चाहि अन्तराष्ट्रियको यदि हामीले शिक्षा यदि हामीले हासिल गरेर अनुगमन गरेर हामीले यो चाहि औद्योगिक चाहि विधेयक ल्याईदिएको भए राम्रो नै हुनेथियो धन्यवाद ।

**माननीय लाल बहादुर खड्का** :- माननीय सभामुखज्यू हामीले मुलुकको राजनितिक परिवर्तन पछि अहिले अब आर्थिक परिवर्तन वा आर्थिक प्रगति खोजिरहेको छ । त्यसो हुनाले यो औद्योगिक प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको जुन विधेयक छ । मलाई लाग्छ यसलाई अलि चाडै गर्न सक्या भए अझ राम्रो हुन्थ्यो तै पनि यसलाई पास गरेर जान सक्यौ र अब हामीले औद्योगिक मुलुकलाई यो प्रदेशलाई औद्योगिक गतितिर अगाडि बढाउन सकेनौ भने बास्तवमा जनताले जे खालको परिवर्तनको चाहाना राखेका छन् । जनतामा निराशा फैलीन सक्छ त्यसो हुनाले यो विधेयकमा विषयगत समितिले अत्यन्त मेहनत गरेर धेरै बुदामा बुदाहरुलाई सच्याएर यहा प्रस्तुत भएको छ । यसले धेरै कुरा समेटेको छ तर पनि सबै चिज अहिलेको जमानामा कुनै चिज पनि पूर्णता हुदैन र यो ऐन हो मलाई लाग्छ यो ऐनले सबै कुरालाई सम्बोधन गर्न सक्दैन यो ऐनलाई अझ व्यवस्थित गर्नका लागि हामी नियमावली बनाउला, निर्देशिका बनाउला र यसलाई व्यवस्थित गर्दै जाउला पूर्णता केहि पनि हुदैन परिवर्तित सबै चिज हो त्यसो हुनाले कहा चाहि कम हुन्छ काम गर्दै जादा कहा कठिनाई हुन्छ त्यसलाई फेरी परिमार्जन गर्दै जाने विषय भएको हुनाले पनि मैले यसले केहि महत्वपूर्ण कुराहरु समेटेको छ । जुन खालको झन्जट अहिले औद्योगिक क्षेत्रमा एकखालको झन्जट छ । उद्योग दर्ताको धेरै झन्जेटिलो समस्या थियो मलाई लाग्छ यो विधेयक

आईसकेपछि यो ऐन आई सकेपछि अब उद्योगहरु दर्ता गर्नका लागि एउटा सहजता पैदा हुने छ । अहिले पनि औद्योगिक क्षेत्रमा जान चाहाने मान्छेहरु एकद्वार प्रणाली नभएका कारणले धेरै खालका झन्जट व्यहोरि रहेको गुनासो हाम्रा विचमा थियो । उद्योग दर्तामा समस्या थियो र औद्योगिक क्षेत्रलाई साना औद्योगिक ग्राम करिडोर लगायत अब एकिकृत गरेर लैजाने कुरा यो विधेयकले ल्याएको छ र हामीले हेर्दा खेरि हामी कहिले काहि तलै अलमलिन्छौ चाडै अलमलिन्छौ भन्ने पनि मलाई लाग्या छ । भारतको उत्तराखण्डको रुद्रपुर जो पछि धेरै पनि त्यहा त्यो राज्य स्टेटका रुपमा प्रदेशका रुपमा आएको हो । त्यहाको सरकारले त्यहाको औद्योगिक क्षेत्रलाई व्यवस्थित गर्नका लागि एउटा दश बर्ष सम्म विद्युत लगायतका धेरै कुराहरु ट्याक्स लगायत धेरै कुराहरुमा सुविधा दियो र अहिले रुद्रपुरको औद्योगिक क्षेत्र भारतको एउटा नमुना औद्योगिक क्षेत्रको रुपमा अगाडि बढेको छ । त्यसो हुनाले सुदूरपश्चिम प्रदेश जो विगतमा धेरै कुराहरुले पछाडि पर्दै आयो अहिले हामी यो नयाँ प्रदेशको संघीयताको ढाचामा आई सकेपछि हिजोका दिनमा केहि नेताले हामीलाई पछाडि पार्यो तर हामी आफै गर्ने ठाउँमा छौ त्यसो हुनाले यो धेरै झिना मसिना कुराहरुमा अल्झीनु भन्दा पनि हामीले औद्योगिक क्षेत्रका कुराहरुलाई अगाडि बढाउनका लागि लाग्नु पर्छ हामीसँग प्रसस्त सम्भावनाहरु छन् । धेरै कुराहरु प्राकृतिले हामीलाई दिएको छ । त्यसलाई हामीले व्यवस्थित गरेर अगाडि लैजानु पर्ने अहिलेको खाचो हो त्यसो हुनाले मलाई लाग्छ यो विधेयक यो ऐनलाई पास गरेर हामीले यहाको औद्योगिक क्षेत्रलाई साना साना ग्रामिण क्षेत्रमा रहेका हाम्रा चाहे त्यो कृषि सँग सम्बन्धित हुन, चाहे त्यहाको स्थानीय अरु कुराहरु जुन रमेटेरियलका रुपमा छन् त्यसलाई उपयोग गरेर अब यसलाई तिब्र विकासको गतिमा अगाडि बढाउन जरुरी छ । हामी अहिले पनि केन्द्रीय सरकारले जुन हामी लामो समय देखि सुदूरपश्चिमको औद्योगिक क्षेत्रलाई अगाडि बढाउने कुरा गर्दै थियौ र त्यसलाई अन्तिम चरणमा पुर्‍याएको छ । हामी एउटा ठुलो औद्योगिक क्षेत्र दैजीको कंचनपुरको दैजी क्षेला क्षेत्रलाई अगाडि बढाई रहेका छौ त्यसको पनि अन्तिम हिजो हामीले सार्वजनिक सुनुवाई पनि गरिसकेका छौ त्यसो हुनाले त्यो केन्द्रीय औद्योगिक क्षेत्र भो संघीय सरकारले बनाएको औद्योगिक क्षेत्र भो र हाम्रा तमाम खालका मतलब यहाका स्रोतहरुलाई व्यवस्थित गर्न अब मान्छेलाई स्वरोजगार बनाउनका लागि, मान्छेलाई व्यवसायिक बनाउनका लागि, मान्छेलाई औद्योगिक क्षेत्रमा अगाडि बढाउनका लागि अब हामीले यो ऐनको भावनालाई आत्मसाथ गर्दे अझ नियमावली र निर्देशिकाहरुलाई अझ व्यवस्थित गरेर अझ सहज बनाउने गरिकन अगाडि बढ्न जरुरी छ । त्यसो हुनाले यो ऐनलाई पास गरेर हामी हाम्रो यो सुदूरपश्चिम क्षेत्रलाई औद्योगिक क्षेत्रमा अगाडि बढाउनका लागि हामी लाग्छ जरुरी छ भन्ने कुरा राख्दै म आफ्नो भनाईहरु यहि टुङ्ग्याउँछु हवस त धन्यवाद ।

**माननीय भरत बहादुर खड्का** :- सभामुख महोदय, प्रदेशिक औद्योगिक व्यवसाय ऐन यो ऐन आफैमा धेरै महत्वपूर्ण छ । जहा सम्म विगतका सरकारहरुले संघीय सरकारहरुले सन्तुलित तरिकाले औद्योगिक क्षेत्रको स्थापना र त्यसको विकास र विस्तार नगरेका कारणले सुदूरपश्चिम जस्ता प्रदेशहरु त्यो कुराबाट धेरै विमुख छन् र त्यसको कुरा आजका यहाका नौजवान युवाहरुले पनि भोग्नु परेको छ र तराईका दुई जिल्ला धेरै उत्पादनशिल जिल्लाहरु हुदा हुदै पनि तथ्यांकले बोल्छ खाद्यान्न पनि हामीले आयात गर्नुपर्ने, तरकारी पनि आयात गरेर खानुपर्ने मासु माछा पनि आयात गरेर खानु पर्ने अवस्था छ यहि अवस्था रहयो भने भोली हाम्रो हविगत के हुन सक्छ र तराई र पहाडको फरक छ प्रकृति पहाडमा के सम्भावना छ । हामी सँग पहाडको स्रोत के हो तराईको के हो यि कुराहरुको सम्भावनाहरुको पहिचान गरेर त्यो खालका उद्योगधन्दाहरुको स्थापना गर्ने कतिपय हामीसँग परम्परागत रुपमा केहि उद्योग धन्दाहरुको केहि हाम्रो सिकाई छ । अभ्यास छ ती कुराहरुलाई पनि हामीले जर्गेना गरेर अगाडि बढाउनु पर्छ । त्यसले धेरै महत्व राख्छ र त्यो सीपलाई पनि अगाडि बढाउनु पर्छ र अर्को कुरा यहा के भनेको छ भन्दा खेरि अब औद्योगिक क्षेत्र स्थापना गर्दा औद्योगिक करिडोर ग्राम तथा कलस्टर घोषणा गर्न सक्ने भनेको छ । यो हामीले रहर, लहर आवेस र पहुचमा गर्ने विषय होईन र समग्र रुपमा सुदूरपश्चिममा यो कलस्टर कहा राख्दा खेरि करिब करिब पछिल्लो पुस्ताले पनि यसबाट फाईदा लिन सकोस यो विज्ञहरुलाई राखेर बडा सुझबुझका साथ यस्ता कुराहरुको निर्णय लिनुपर्छ जस्तो मलाई लाग्छ । २४ मा एकलविन्दु सेवा केन्द्रको काम, कर्तव्य र अधिकारको कुरा गरेको छ अनि हामीले यस्ता कुरा थप उद्योगले पाउने छुट सुविधा वा सौलियतको कुरा पनि गरेको छ यो राम्रो कुरा हो तर राजपत्रमा प्रकाशित गरिसकेपछि लागु हुनेछ भन्दा कहिले काहि

हाम्रा बानि के छ भने १० बर्ष सम्म पनि राजपत्रमा प्रकाशित हुदैन त्यो ऐन काम गर्दैन त्यसैले बनाई सकेपछि जुन ऐन, जुन मक्सदको लागि हो त्यो प्रभावकारी कार्यान्वयनको लागि हामीले जानुपर्छ जस्तो मलाई लाग्छ । अर्को यो उद्योग स्थापनाको लागि स्वीकृति लिनुपर्ने भन्या छ एक प्रदेशबाट अर्को प्रदेशको स्वीकृति लिनुपर्ने प्रचलित व्यवसायि ऐन, नियमावलीले तोकेको कार्यविधि र प्रक्रिया पुरा गर्नुपर्ने छ । यदि त्यो कुरा नदिएको खण्डमा के गर्ने भन्ने मौन छ त्यसको सहजीकरण, समन्वय कसरी गर्ने भन्ने कुराहरु मौन छ यो कुरा चाहि स्पष्ट राख्दा खेरि ठिक होला जस्तो मलाई लाग्छ र अर्को कुरो हडतालको कुरा छ अहिले श्रम ऐन बनि सक्या हुनाले अहिले टाईम छैन श्रम ऐन बनिसक्या हुनाले हडताल त्यति सजिलो छैन त्यसका निश्चित केहि प्रक्रियाहरु छन् त्यो प्रक्रिया पुरा गर्न सजिलो छैन त्यसैले गर्दा श्रम ऐन र योगदानमा आधारित ऐनले पनि यो श्रमिकहरुलाई धेरै व्यवस्थित गरेको छ । त्यसको मुल मर्मर भावनाको आधारमा हामीले अगाडि बढ्नुपर्छ जस्तो मलाई लाग्छ र जहा सम्म यो उद्योगधन्दाको कुरा गर्ने हो भने यदि निर्यात बढाउने हो भने हामीले उद्योगधन्दाहरुको प्रचुर रुपमा सम्भावनाको आधारमा स्थापना गर्नै पर्छ । यसका लागि हामीले यि क्षेत्रहरुको सम्भावनाको उजागर गरौ म एकचोटि भारतमा कजबुझ यो एउटा कजबुझ भन्ने स्थान छ त्यो गुजराहातमा त्यहा भूकम्पले ध्वस्तै भएको ठाउँ हो हामी ५-७ जना पाइरलामेन्टका सदस्य संविधान सभामा हुदा हामीलाई त्यहा हेर्न पठाएको थियो भूकम्प आई सकेपछि त्यहा पुनः निर्माणको काम सबै भन्दा राम्रो हिसाबले छिटो भन्दा छिटो भा को थियो त्यहा हामी हेर्न जादा खेरि त्यहाबाट फर्किएर आउदा बिच ठाउँमा एउटा डेजरटाईपको एउटा भूमि थियो त्यहा धेरै ठुलो लेण्ड ट्याक्स तिर्न नसकेर हरेक व्यक्तिले त्यो सरकारलाई नै सुम्पीनु पर्ने अवस्था आएको छ । तर त्यहा एउटा उद्योग स्थापनाको जब कलस्टर त्यहा करिडोर बनायो १०-१५ बर्ष सम्म भाडा नलिने ट्याक्स छुट यस्ता कुरा गर्दा खेरि त्यो क्षेत्र नै अहिले उजागर बनेको छ हजारौ लाखौ मान्छेले रोजगारी पाएको छ । धेरै कुराहरु अहिले त्यो लेण्ड ट्याक्स तिर्न नसकेर सरकारलाई बुझाउनु पर्ने जुन बाध्यता छ । अहिले त्यो लेण्डको त्यो मुल्य बढेर पनि त्यहाका मान्छेको आर्थिक अवस्था ज्यादा छ । त्यसैले अब सवाल के आयो भन्दा यि ऐन कुनै पनि खराब छैनन तर ऐनको मुल मर्म र भावना अनुसार हामी प्रभावकारी ढंगले यि कुराहरु गर्छौ कि गर्दैनौ जस्तो हामीले विगतमा अहिले त यहि प्रदेश सभाले २२-२३ वटा विधेयक पास गरेर ऐनको रुपमा ल्यायो तर ती ऐनको रुपमा ल्याउदै ऐन संग्रह बनाउने हिसाबमा राखि राख्नको लागि होईन यि ऐनको मक्सद के हो भन्दा खेरि हामीले यि क्षेत्रमा यसलाई कानूनी रुपमा सहजीकरण कानूनी रुपमा यसलाई अगाडि बढाउने सवालमा यो बाटो खोल्नका लागि ल्याएको होइन अब ऐन पास गर्ने संख्याको आधारमा त हामीले २ दर्जन ऐन पास गर्यौ त्यो सुदूरपश्चिम प्रदेशले भनेर गौरव गर्छौ तर त्यो ऐन जो हामीले पास गरेका छौ त्यो विधेयकहरु त्यो अनुसारको उपलब्धी हामीले के के मा दिन सक्यौ भन्ने बारेमा त हामीले त्यलाई दिन सक्नु पर्यो नि ऐन बन्दै आफैमा एउटा महत्वपूर्ण कुरा होला त्यसको उपलब्धी ल्याउन सक्ने कि नसक्ने अब यो यसो हेर्दा खेरि जस्तो सुशासन ऐन हामीले पास गर्यौ त्यो सम्बन्धी हामी त्यसलाई चाहि त्यसको प्रभावकारी कार्यान्वयन हुने कि नहुने एकातिर हामी भन्छौ बेरोजगारीको समस्या छ । धेरै चाहि युवाहरु अहिले रोजगारीका लागि ईण्डिया जान्छन् अब तरकारी बाहिरबाट ल्याउनु पर्ने, खाद्यान्न बाहिरबाट ल्याउनु पर्ने अब सबै भन्दा ठुलो कुरो हामीले हेर्नुपर्ने कुरा के हो भन्दा खेरि लगानीको बाताबरणमा सुरक्षाको सबै भन्दा ठुलो चुनौति हुन्छ । जब लगानी गर्ने व्यक्तिले लगानीकर्ताले मैले लगाएको उद्योगको पुजी सुरक्षित रुपमा त्यहा रहन्छ कि रहदैन त्यसबाट म बेनिफिट लिन सक्छु कि सक्दैन, त्यहा सुरक्षा हुन्छ कि हुदैन, मैले उत्पादन गरेको निर्यात गरेको पैसा सहि मुल्यमा प्राप्त गर्न सक्छु कि सक्दैन त्यो खालको सुरक्षाको ग्यारेन्टि दिने हैसियत हामीले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर सुरक्षाको अनुभुति एउटा र लगानी गर्ने बाताबरण भनेको पनि सुरक्षा कै अनुभुति हो जब यहा लगानी गर्ने बाताबरण छैन भने यहा कोहि लगानी गर्न चाहादैन त्यसैले हामीले सुरक्षा सम्बन्धी पनि यहा कुनै पनि ईन्भेष्टरले लगानी लगाउदा खेरि उसलाई यहाबाट बेनिफिट हुन्छ, सुरक्षित छ एक ईन्च पनि असुरक्षित छैन भन्ने खालले हामीले यो बाताबरण दिन सक्यौ र यहाको सम्भावनाको जगमा बस्न सक्यौ र हामीसँग विगतका केहि सीप मुलक उद्योगधन्दाहरु छन् तीनलाई पनि त्यहि ढंगले विकास गर्न सक्यौ भने केहि रुपमा यो प्रादेशिक औद्योगिक ऐन ल्याएको उपलब्धी हुन्छ अब यसलाई ऐन ल्याएर पास गर्छौ अघि पनि हामी माननीयज्यूले भन्नु भो यो ऐन अझ धेरै यसको चिरफार गरेर यसलाई परिस्कृत बनाउन जरुरी छ । हतारमा पास गर्नु भन्दा परिस्कृत बनाऔ यसका लागि अझ

अभ्यास गरौ, अध्ययन गरौ, अनुसन्धान गरौ एउटा परिपक्क औद्योगिक ऐन बनाएर यो प्रदेशलाई एउटा नमुनाको रुपमा एउटा ऐन बनाए भनेर अरुले पनि अनुकरण गर्न सकुन भन्ने सुवेक्षा व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय मना कुमारी साउँद** :- माननीय सभामुखज्यू प्रदेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिबाट दफावार छलफल भएर आईसकेको छ वृहत रुपमा र यसलाई निरन्तरता दिने र यसलाई नियमावली बनाएर कानूनमा र कार्यान्वयनमा लैजाने कुराहरु नै मुख्य कुरा रहन्छ र अलिकति हामीले यो औद्योगिक क्षेत्रमा विशेष गरि स्थानीय स्रोत साधनहरुलाई बढी प्राथमिकता दिनु पर्ने हुन्छ जस्तो हाम्रो सुदूरपश्चिममा औद्योगिक क्षेत्रको थुप्रै सम्भावना बोकेको सुदूरपश्चिम प्रदेश छ यसलाई विशेष गरि स्थानीय स्रोत साधन जस्तै अल्लो, ढाका उद्योग अनि त्यस्तै बुनाईहरु त्यस्तै हाम्रा परम्परागत जुन बन्दै आई रहेका जुन ऐतिहासिक जुन कपडाहरु थिए आज लोप हुदै गैराखेका छन् अब यिनिहरुलाई स्थापीत गराएर हामीले विभिन्न किसिमका परिकारका हामीले कपडाहरु र झोलाहरु विभिन्न खालका हामीले निर्माण गर्यौ भने त्यस्तै किसिमको हाम्रो आय स्रोत पनि बढ्ने गर्दछ र यहाको उद्योगले पनि स्थायित्व पाउने गर्दछ र विशेष गरि यो अन्य मुलुकहरुमा अन्य देशहरुमा जस्तो हामीले एउटा खाएको उखुको बोक्रा र एउटा खोस्टा पनि मान्छेहरुले त्यसलाई उपयोग गरेर राम्रो फुल बनाउने गरेका छन् भने र फालेका प्लाष्टिकहरुलाई र धागाहरुलाई पनि उपयोग गरेर राम्रो सजावट गर्ने फुलहरु बनाएका हुन्छन् त्यस्तै किसिमका हामीले सुदूरपश्चिममा थुप्रै किसिमका यस्ता सम्भावनाहरु छन् यसलाई हामीले निरन्तरता दिनु पर्ने हुन्छ र प्रदेश सरकारले र जस्तै यो औद्योगिक व्यवसाय सम्बन्धमा बनेको विधेयक छ यस विधेयकले विशेष गरि समान सहभागिता र विशेष गरि महिला कामदारहरुलाइ प्राथमिकता दिएको छ त्यसैले पनि यो विधेयक जुन आएको छ यो समय सान्दर्भिक छ र यसलाई तपाई हामी सबैले यसलाई अनुसरण गर्दै यसलाई कार्यान्वयन तहमा लैजानु पर्ने हुन्छ र यहाको विशेष गरि दुध, उखु लगायतका कृषि औद्योगिक क्षेत्रलाई प्राथमिकता बढी दिनु पर्ने हुन्छ र जति पनि यहा सुदूरपश्चिममा औद्योगिक कलकारखानाहरु स्थापना भएका छन् उहाहरुलाई वृहत रुपमा लैजानु पर्ने हुन्छ त्यसैले यो महिलाहरुको लागि र विशेष गरि महिलाहरुलाई स्तनपानको यो व्यवस्था बनेको छ यो अत्यन्तै श्राहनिय छ त्यसैले पनि यो विधेयकलाई ऐन, नियम र विधिमा सजिलो हुने गरि यसलाई हामीले छलफल बहसमा लैजानु पर्ने हुन्छ र अर्को कुरा जस्तै यहा हामी हरेक कुरामा परनिर्भर छौ र यहा थुप्रै सुदूरपश्चिममा पानि छ तर हामी आज पानिमा परनिर्भर छौ अलिकति यसलाई व्यवस्थित ढंगले हामीले बनाउन सकिराखेको छैन अलिकति हामीले विडम्वना देख्या छु एउटा पानि उद्योग हामीले देख्या छु त्यस्तै किसिमका यहा कैलालीमा पनि छन् अझै हामी भारतको पानि खाई राखेका छौ हाम्रो पहाडमा थुप्रै जडिबुटि बगेर आएको पानि छ त्यो पानिलाई एउटा औद्योगिक क्षेत्रलाई हामीले कसरी समावेश गरेर लैजाने त्यो पानिलाई हामीले प्रयोगमा कसरी ल्याउने हामी एउटा २०-२५ रुपैयाको पानि किनेर खान्छौ र हामी त्यो किसिमको आय स्रोत पनि बढ्ने थियो त्यस्ता हरेक स्थानीय स्रोत साधन छन् त्यो सरकारले राज्यले लगानी लगाउनु पर्ने हुन्छ स्थानीय सरकार र प्रदेश सरकार र संघीय सरकारले यस्ता विशेष औद्योगिक क्षेत्रलाई प्राथमिकता दिनु पर्ने हुन्छ अझै पूर्वी क्षेत्रमा यो औद्योगिक क्षेत्रलाई बढी प्राथमिकता दिएको छ हरेक महिलाहरुले पाएका छन् र महिलाहरु देन पाएका छन् र महिलाहरु आत्मनिर्भर बनेका छन् त्यस्तै सुदूरपश्चिमा पनि विशेष गरि महिलाहरुलाई यो औद्योगिक क्षेत्रमा सहभागिता गराउदा राम्रो हुन्छ र सँगै यो औद्योगिक क्षेत्रलाई अगाडि बढायौ भने अनि युवा, महिला सम्पूर्ण पछाडि परेका बर्गहरुलाई लक्षित गरेर यो औद्योगिक क्षेत्रलाई प्राथमिकता दिएर यसलाई वृहत बनायौ भने साच्चिकै हामी यसलाई अर्थपूर्ण ढंगले बढायौ भने हामी आर्थिक रुपमा पनि आत्मनिर्भर बन्छौ स्रोत पनि बढ्छ अनि यस्ता कुराहरुलाई सरकारले विशेष गरि जोड दिनु पर्ने हुन्छ र कार्यविधि अब एउटा बन्दै छ र नियमावली बन्ने छ यो नियमावली अर्थपूर्ण ढंगले लागु हुने छ भन्ने कुराहरु म राख्दै जुन यो विधेयक आएको छ यो विधेयकलाई समितिमा एउटा दफावार छलफल भएर आई रहेको छ आएको छ यसलाई अब कार्यान्वयन रुपमा अगाडि बढोस भन्ने कुरा राख्दै म विदा हुन्छु धन्यवाद नमस्कार ।

***(बोलि सकेपछि)***

१२. **माननीय सदस्यहरू,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

१३. **माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाह :-** माननीय सभामुख महोदय, औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि माननीय सदस्यहरुका महत्वपूर्ण सुझावहरु दृष्टिकोणहरु प्रस्तुत भएका छन् हाम्रो प्रदेश निलम, पन्ना, रुवी जस्ता महत्वपूर्ण स्टोनहरुको प्रचुर सम्भावना भएको प्रदेश हो जलस्रोतको अथाहा सम्भावना भएको प्रदेश हो देश मै प्राकृतिक र धार्मिक पर्यटनको धेरै सम्भावना भएको प्रदेश छ तर पनि हामी गरिबीको दुसचक्रमा छौ । बेरोजगारीले सताई राखेको छ । अन्नको भण्डार मानीने कैलाली र कंचनपुरका बासिन्दाहरुले पनि चामल आयात गर्नुपर्ने, तेल आयात गर्नुपर्ने, तरकारी आयात गर्नुपर्ने यस्तो विडम्बना परिस्थितिबाट हामी गुज्रीरहेका छौ । कुनै पनि देश आफ्ना स्रोत साधनहरुको प्राकृतिक स्रोत साधनहरुको म्यागजिम एक्सप्लाईटेशन गरेर अत्याधिक दोहन गरेर अपटिवन युटिलाईजेसन गरेर अत्याधिक उपयोग गरेर र मानव शक्तिको विकास गरेर समृद्धिको चरम चुलीमा पुगेका हुन कसैले आफै पुऱ्याई दिएको पनि छैन र आफै पुगेका पनि छैनन आफ्नो स्रोत साधनको पहिचान गर्नु, मानव शक्तिको विकास गर्नु ईन्भाईरोमेन्ट फ्रेन्ली कानूनहरु बनाउने, ईन्भेष्टमेन्ट फ्रेन्ली कानूनहरु निर्माण गर्ने गरेर नै अहिलेका शक्तिशाली राष्ट्रहरु विकासको चरम चुलीमा पुगेका छन् । स्रोत साधनहरुलाई हेरेर मात्र पुजा गरेर मात्र हामी सँग यो छन् भनेर महिमा गान गरेर मात्र कुनै पनि राष्ट्र, कुनै पनि प्रदेश, कुनै पनि ठाउको विकास हुन सकेको छैन । त्यसैले हामीले प्रदेश सरकार गठन भएपछि हामीले घोषणा गर्यौ अब हामी हाम्रो प्रदेशमा सम्भानाको खोजी गर्ने छौ । मैले अघि भने संसारको सब भन्दा महंगो पदार्थ भनेको युरेनियम हो त्यसको पनि सम्भावना छ भनेर हाम्रा बैज्ञानिकहरुले भनिरहेको स्थिति छ । बहुमुल्य स्टोनहरु हामीकहा छ । अथाहा जलस्रोत छ, आधुनिक कृषिको विकास गर्ने तमाम सम्भावना छ र हात बाधेर हामी यथास्थितिबाट अगाडि जान सक्दैनौ त्यसैले हाम्रा कानूनहरु, हाम्रा नीतिहरु उद्योगमैत्री हुनुपर्छ, बाताबरण मैत्री हुनुपर्छ, लगानी मैत्री हुनुपर्दछ । ट्याक्स फ्रि गरेर हुन्छ कि, ल्याण्ड एक्युजेसन गरेर जमिन प्रदान गरेर हुन्छ कि, पावर सप्लाई गरेर हुन्छ कि, सेक्युरिटि प्रोभाईट गरेर हुन्छ कि के गरेर हुन्छ नेशनल ईन्भेष्टरहरुलाई डोमेष्टिक ईन्भेष्टरहरुलाई र यभरसिज ईन्भेष्टरहरुलाई हाम्रो प्रदेशमा कसरी आमन्त्रण गर्न सकिन्छ भन्ने कुरामा प्रदेश सरकार अत्यन्त जिम्मेवार छ । त्यसैले नै हामीले खास गरिकन आयातलाई प्रतिस्थापन गर्ने र निर्यातलाई प्रवर्द्धन गर्ने र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने हाम्रा रिसर्सेजहरुको अप्टीमम युटिलाईजेसन गर्ने, युटिलाईजेशन मात्र होईन एक्सपोलाईट गर्ने ढंगबाट यो विधेयक आएको छ । यसमा माननीय सदस्यहरुका बहुमुल्य सुझावहरु प्राप्त भएका छन् ती सबैलाई हामी सम्मान गर्न चाहान्छौ, समेट्न चाहान्छौ र शिघ्रयथाशिघ्र यो प्रदेश औद्योगिकरणको दिशामा अगाडि बढोस भन्ने कुरामा प्रदेश सरकार सत पर्यत्न गरिरहेको कुरा माननीय सभामुखज्यू मार्फत म सम्मानीत सदनलाई अनुरोध गर्न चाहान्छु । यो ऐनको शिघ्र कार्यान्वयन पश्चात हाम्रो प्रदेश उद्योगधन्दाको विकासमा फट्को मार्ने छ र ईम्पोइमेन्टको क्रियसन हुने छ । जब क्रियट हुनेछ, पोवर्टी रिडेक्ट हुनेछ र हामी ईनकम जेनेरेट गर्न सक्ने ठाउँमा पुग्ने छौ । आत्मनिर्भताको बाटोतिर हामी अगाडि बढ्ने छौ त्यस निम्ती यो ऐन अत्यावश्यक भएर नै सरकारले समय मै अगाडि सारेको कुरा माननीय सभामुखज्यू मार्फत सम्मानीत सदनलाई म अनुरोध गर्न चाहान्छु र यसको सफल कार्यान्वयनबाट यो ऐन

निर्माण पछि यो कानूनको निर्माण पछि प्रदेशमा हामी उद्योगधन्दाको स्थापना गर्ने, आत्मनिर्भर अर्थतन्त्रको स्थापनातिर अग्रसर हुने, आयातलाई प्रतिस्थापन गर्ने, निर्यातलाई प्रवर्द्धन गर्ने र हाम्रा प्राकृतिक स्रोत साधनहरुको अत्याधिक प्रयोग गरेर प्रदेशलाई उन्नतीको दिशामा अगाडि बढाउने काममा सफल हुने छौ भन्ने कुरा म निबेदन गर्न चाहान्छु । यहाहरुका बहुमुल्य सुझावहरुलाई म आत्मसाथ गर्न चाहान्छु । यि सबै कुराहरु समेटेर यो ऐन अगाडि बढ्ने छ, पारित हुनेछ भन्ने कुरामा विश्वास दिलाउन चाहान्छु धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

१४. **माननीय सदस्यहरू,**

अब,म **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १८ (अठार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १८ (अठार) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

१५. **माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ५२ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू तथा अनुसूची-१ देखि ८ सम्मका अनुसूचीहरु **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ५२ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू तथा अनुसूची-१ देखि ८ सम्म सर्वसम्मतीले **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

१६. **माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** प्रदेशभित्र लगानीमैत्री वातावरण सृजना गरी उपलव्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट उत्पादन अभिवृद्धि गर्दै आयात प्रतिस्थापनतथा निर्यात प्रवर्धन गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नका लागि औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो प्रादेशिक अर्थतन्त्र निर्माण तथा प्रादेशिक आर्थिक सम्बृद्धिका लागि प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धी कानुन तर्जुमा गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ: (१)यस ऐनको नाम **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

***(पढेर सुनाएपछि)***

१७. **माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु ।

***(घोषणा भएपछि)***

१८. **माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

१९. **माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**(घोषणा भएपछि)**

२०. **माननीय सदस्यहरू,**

**"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

२१. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल आषाढ १ गते आईतबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।